# घाँसको नर्सरी स्थापनासम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना** : व्यावसायिक पशुपालनमा उन्नत जातका घाँसको बिउ बेर्नाको सहज उपलब्धता भएमा उत्पादन लागत घटाउन सकिने देखिएको साथै प्रदेश सरकार, प्रदेश नं. ५ को आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रमको को बुदा नं. ४९ र ५२ अनुसार गुणस्तरिय कृषि सामाग्रीको उपलब्ध भएमा समग्र कृषि प्रणालिलाई आधुनिकीकरण र व्यावसायिकरण गर्न सकिने छ भन्ने तथ्यलाई मध्यनजर गर्दै बर्ष भरिनै बिउ विरुवा उत्पादनका कार्यलाई सहज गराउन प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "घाँसको नर्सरी स्थापनासम्बन्धी कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः "घाँसको नर्सरी स्थापना सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ।

(घ) "नर्सरी" भन्नाले बर्षे, बहुबर्षे भूई घाँस तथा डालेघाँसका बिउ बेर्ना तथा स्लिपको उत्पादन गर्ने नर्सरी सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले अनुसुची ५ बमोजिम गठित समिति सम्झनुपर्छ।

(च) "कार्यविधि" भन्नाले "घाँसको नर्सरी स्थापनासम्बन्धी कार्यविधि, २०७५" सम्झनुपर्छ ।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं.५ नेपाल

(छ)"कार्यक्रम" भन्नाले "डालेघांस नर्सरी स्थापना सहयोग कार्यक्रम" सम्झनुपर्छ ।

(ज)"कार्यालय प्रमुख" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख सम्झनुपर्छ।

**३. उद्देश्यहरुः** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्

(क) घाँसको बिउ बेर्ना तथा स्लिपको सहज उपलब्धता गराई घाँस खेती बिस्तार तथा पशुजन्य पदार्थको उत्पादन लागत कम गर्न।

(ख) प्रदेश सरकार, प्रदेश नं. ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका निकायवाट डाले घाँसको नर्सरी स्थापना सहयोग कार्यक्रमलाई सहज, सरल, मितव्ययी र पारदर्शी रुपले सञ्चालन गर्न ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था

**४. कार्यक्रम सञ्चालन हुने जिल्लाः** कार्यक्रम प्रदेश नं. ५ अन्तरगतका १२ जिल्लाहरुमा सञ्चालन हुनेछ।

**५. कार्यक्रम सञ्चालन विधिः** (१) कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक वा व्यावसायिक फार्महरु, समुह वा कृषि तथा पशुपन्छी सहकारीलाई लक्षित गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत अनुसूची १ बमोजिम प्रस्ताव आह्वानको सूचना गरिनेछ।

(२) अनुसुची २ बमोजिको ढाँचामा स्पष्ट हुने गरी आवेदकले कार्ययोजना र लागत स्टिमेट आवेदनसाथ संलग्न राखी पेश गर्नुपर्ने छ।

(३) अनुसूची २ बमोजिम पर्न आएका आवेदनहरुको समितिले अनुसूची ३ अनुसारका मापदण्डलाई आधार मानि मूल्याङ्कन गर्नुपर्ने छ।

(६) मूल्याङ्कन समितिवाट मूल्याकन गर्दा ५० प्रतिशत वा सो भन्दा माथी प्राप्त गर्ने प्रस्तावहरुलाइ समितिले स्थलगत प्रमाणीकरण गर्ने गराउने छ।

(७) स्थलगत प्रमाणिकरणको आधारहरु समितिले तोकेवमोजिम हुनेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
नेपाल

(८) स्थलगत प्रमाणिकरण पश्चात समितिलाई मनासिव लागेमा प्रस्तावहरु स्विकृत गर्नेछ साथै सम्झौता र अन्य प्रक्रियाको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने छ।

(९) यसरी छनौट भएका व्यावसायिक कृषक वा व्यावसायिक फार्महरुसँग अनुसुची ४ बमोजिम सम्झौता गरिनेछ ।

(१०) आवेदन छनौट गर्दा घाँसको बेर्ना/स्लीप गानो उत्पादन हुने सम्भाब्यता र नर्सरीको लागि न्यूनतम आवश्यकता पुरा गर्ने निजी व्यवसायिक फार्म , समुह वा सहकारीलाई प्राथमिकतामा राखिनेछ। स्थानीय आवश्यकता र समुहको दक्षताको आधारमा बहुबर्षिय र डाले घाँसको अलग अलग वा दुबै नर्सरी स्थापना गर्न सकिनेछ । एउटा नर्सरीको क्षेत्रफल कम्तिमा पहाडमा ३ रोपनी र तराइमा ५ कठ्ठा हुनुपर्ने छ ।

(११) कार्यक्रम सञ्चालनसम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ।

(क) नर्सरी स्थापनाको लागि आवश्यकता अनुसार बिउ/बेर्ना/स्लीप/पोलिपट ढुवानी सहित उत्पादन सामाग्री समेतको खर्च अनुदान रकमबाट गर्न सकिने छ ।

(ख) विज्ञ केन्द्रबाट बिनियोजित अनुदान रकम नबढ्ने गरी बढीमा लागतको ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

(ग) अनुदानमा उत्पादित बिरुवाहरु सरकारी दररेटमा विक्री गर्नुपर्नेछ ।

(घ) कार्यक्रम सञ्चालनका क्रममा दुविधा वा अस्पष्टता आईपरेमा निर्देशनालयको अनुदान व्यवस्थापन समितिले दिएको निर्देशन बमोजिम हुने छ ।

(ङ) यस कार्याविधिमा उल्लेख नभएको विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६. भुक्तानी विधि र प्रक्रियाः

(क) सम्झौता पश्चात कुल अनुदान रकमको २० प्रतिशत नबढ्ने गरी पेश्की स्वरुप नियमानुसार अनुदान ग्राहीको खातामा चेक मार्फत पेश्की रकम जम्मा गरिनेछ।

(ख) अनुदान ग्राहीले अन्तिम किस्ता भुक्तानिको लागि सम्झौता अनुसार कार्यसम्पन्न कागजात संलग्न राखी कार्यालयमा पेश गर्नुपर्ने छ।

(ग) कार्यालय प्रमुखले कार्य प्रगतिको अवस्थाको बारेमा बुझ्न स्थलगत निरीक्षणको लागि कर्मचारी खटाउन सक्नेछ। निरिक्षणवाट प्राप्त रिपोर्टको आधारमा कूल अनुदान रकमवाट प्रचलित कानूनबमोजिम कन्टिन्जेन्सी



सचिव

वापतको रकम कट्टा गरी अनुदान ग्राहीको वैक खातामा चेक जम्मा गर्नुपर्ने छ।

८. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, र प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधी र मितव्ययिता सम्वन्धी कार्याविधि २०७५ तथा प्रचलित कानूनबमोजिम हुनेछ।

९. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, मन्त्रालयले तोकेको कार्यालयहरुले गर्नेछन् । अनुदानग्राहीले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

१०. थपघट वा हेरफेर गर्न सक्ने (१) यो कार्याविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

**अनुसूची १**

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०.../.../...

यस भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आ.व.२०७...../०७.. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक, समूह, समिति, सहकारी र निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिको १५ दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । निवेदनका साथ तपशिलमा उल्लेखित कागजातहरु संलग्न हुनु पर्ने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

१. रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची २ अनुसारको निवेदन ढाँचा ।

२. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था,फर्म,व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणित प्रतिलिपि

३. व्यावसायिक संस्था,फर्म,कम्पनी, हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। सहकारीको हकमा सम्वन्धित सहकारी डिभिजन कार्यालय तथा कृषक समुहको हकमा स्थानिय तह वा सरकारी कार्यालयमा दर्ता भएको प्रमाणपत्र।

४. कार्यसमितिको निर्णय ।

५. नियमानुसार दर्ता भएका प्रस्तावकहरुले अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र करचुक्ता दाखिलाको प्रमाणित प्रतिलिपी ।

६. नर्सरी स्थापना हुने/सञ्चालनमा भएको जग्गाको स्वामित्व आफ्नै भए लालपुर्जा र भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं.५ बुटवल, नेपाल

७. प्रस्तावक संस्थाको साझेदारीको लगानी सहितको प्रतिबद्धता पत्र

८. विगत २ आर्थिक वर्ष भित्र अन्य सरकारी निकायहरुवाट सोही प्रकृतिको वस्तुगत तथा अनुदान नलिएको प्रतिबद्धता पत्र ।

९. कार्यक्रम कार्यान्वयन कार्याविधि, अनुसूची एवं विस्तृत विवरण सम्वन्धित कार्यालयकवाट तथा वेब साईट वाट पनि डाउनलोड गर्न सकिनेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची २

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री कार्यालय प्रमुख,

प्रदेश नं ५

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

विषयः सहकार्यमा घाँसकोको नर्सरी स्थापना कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति २०७ / / र गतेको.............पत्रिकामा प्रकाशित सूचना अनुसार जिल्ला........... गाउँपालिक/नगरपालिका..................वजार/गाउँ.............मा सञ्चालित कृषक समुह, सहकारी वा निजी उद्योगले सहकार्यमा नर्सरी स्थापना गर्न ईच्छुक भएकाले सूचनामा उल्लेख भए अनुसारको कागजहरु संलग्न गरी आवश्यक कारवाहीको लागि निवेदन पेश गरेका छौं ।

(१) कृषक समुह/सहकारी वा निजि उद्योगको नामः

(२) कृषक वा अध्यक्षको नामः

(३) ठेगानाः

(४) जिल्लाः गाउँपालिका/नगरपालिका वडा नं

(५) नर्सरी वनाउने जग्गाको क्षेत्रफलः

(६) घाँस बिउँ बेर्ना उत्पादन

घाँसको नाम अनुमानित बेर्ना वा स्लिप उत्पादन

१.

२.

(७) घाँसको बिउ वा स्लिप सेट्सको श्रोत

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

(८) जग्गाको स्वामित्वः निजी/सार्वजनिक/भाडा
(९) सिचाईको श्रोतको व्यवस्थाः
(१०) लाभान्वित घरधुरीः
(११) नर्सरीले सेवा पुऱ्याउने क्षेत्रः
(१२) भावी कार्ययोजनाः
प्रस्तावक संस्थाको
संस्थाको आधिकारीक व्यक्तिको नामः
पदः
सम्पर्क नम्वरः दस्तखतः
छापः

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची ३

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्रस | विवरण | पूर्णांकं | अंक प्रदान आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | नर्सरीको स्थापना वर्ष | २० | ० वर्षसम्म ५ अंक<br>१ वर्षसम्म १० अंक<br>१ देखि २ वर्षसम्म १५ अंक<br>३ वर्ष भन्दा माथी २० | |
| २ | घाँस लगाएको वा लगाउने क्षेत्रफल | २५ | ३ देखि ५ रोपनी ५ अंक<br>५ भन्दा माथी देखि ७ रोपनी १० अंक<br>७ भन्दा माथी देखि १० रोपनी १७ अंक<br>१० रोपनी भन्दा माथी २५ अंक | |
| ३ | घाँसका जातहरु | १० | ३ किसिमका जात ५ अंक<br>३ वा सो भन्दा बढी १० अंक | |
| ४ | सरकारी वा अन्य निकायबाट बिगत २ बर्ष भित्र सोही प्रकृतिको अनुदान पाएको/नपाएको | १० | २ बर्ष अगाडी पाएको ५ अंक<br>नपाएको १० अंक | |
| ५ | सम्बन्धित स्थानिय तहवाट सिफारीस | १० | नभएको ० अंक, भएको १० अंक | |
| ६ | प्रस्तावित घाँसे नर्सरीको लागत ईष्टिमेट योजना संलग्न | २५ | भएको: २५ अंक, आँशिक भएको: १५अंक | |
| | | १०० | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

अनुसूची ४

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सहकार्यमा घाँसको नर्सरी स्थापना सञ्चालन गरिने कार्यक्रमको सम्झौता पत्र

प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र आर्थिक बर्ष २०७/०७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार घाँसको नर्सरी स्थापना सहयोग कार्यक्रम सञ्चालन गर्न प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (यसपछि प्रथम पक्ष भनिने) र श्री ..........................., (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपशिल

१. प्रथम पक्षले ................. कार्यक्रमको लागि विनियोजित रु ................................ मध्ये दोश्रो पक्षलाई रु.................. (अक्षरुपी ..................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ । बाँकी रकम दोश्रोपक्ष आफैले लगानी गर्ने छ ।

२. प्रस्तावित घाँसको नर्सरी जिल्ला गाउँपालिका/ वडा नं मा मिति सम्ममा स्थापना गरिने छ ।

३. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भएक अनुसारको क्षेत्रफल र विभिन्न उन्नत तथा स्थानीय जातका घाँसहरुको बिउ/बेर्ना/सेट्स/स्लिप उत्पादन गर्नु पर्ने छ ।

४. अनुदानको रकमबाट सिचाई व्यवस्थापनमा खर्च गर्नु पर्नेछ /

५. दोश्रोपक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसार गुणस्तरिय बिउबिजन आफैले खरिद गरी नियमानुसारको बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट

१०

सचिव

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.५ बुटवल, नेपाल

कार्यसम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ ।

६. प्रथम पक्ष आफैले वा तोकको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा अनुदान रकम दोश्रो पक्षको बैङ्क खातामा एकमुष्ठ जम्मा गरिने छ ।

७. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ ।

८. दोश्रो पक्षले सहकार्यमा सञ्चालित कार्यक्रमहरुको प्रगती विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकेको कार्यालयमा तोकिएको समयमा उपलब्ध गराउनु पर्ने छ ।

९. डाले घाँसको नर्सरी स्थापनाको लागि सहकार्यको अनुदान रकमबाट सिंचाई व्यवस्था मिलाउन, सेड वनाउन, बिउ किन्न, पोलीपटका लागि प्लाष्टीक, ह्विल व्यारो, मल किन्न र अन्य आवश्यक सामानहरु किन्न सकिने छ ।

१०. नर्सरी स्थापना भएको स्थानमा सबैले देख्ने गरी अनिवार्य रुपमा नर्सरीको नाम ठेगाना घाँस लगाएको क्षेत्रफलको विवरण सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित वोर्ड अनिवार्य राख्नु पर्ने छ ।

११. प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

१२. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१४. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१५. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट

११

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

सचिव

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| संस्थाको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवस्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।

सचिव

कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

## अनुसुचि ५

## मूल्याकन समिति

| | |
|---|---|
| प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सयोजक |
| अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि कृषि ~~विज्ञ~~ ज्ञान केन्द्र | सदस्य |
| पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

नोटः निर्णय प्रक्रियामा आवश्यकता परेमा समितिले वढीमा ३ जना सम्म सम्वन्धि विषयको विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछन्।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल